जस्ता घरपालुवा चौपाया र पंक्षीहरुलाई छाडा छोड्न पाइने छैन ।

(ख) नगरको सौन्दर्य र जनस्वास्थ्यलाई ध्यानमा राखी नगर क्षेत्र भित्र खास स्थान र क्षेत्रमा विशेष पशुपंक्षी पालन प्यूठान नगरपालिकाले रोक लगाउन सक्नेछ ।

(ग) प्यूठान नगरपालिकाले आफ्नो क्षेत्र भित्र छाडा छोडिएका पंक्षी त चौपायालाई पक्राउ गरी राख्ने व्यवस्था गर्नेछ ।

(घ) पक्राउ गरी राखिएका चौपायाधनीले २४ घण्टा भित्र तोकेको ज वाना तिरी आफ्नो वस्तुभाउ लैजान सक्नेछ । तर उक्त अवि पश्चात् सार्वजनिक सुचना गरी डाँक बढाबढमा त्यस्ता चौपाया लिला विक्री गर्ने र लिलाममा विक्री हुन नसकेमा निःशुल्क लग्न चाह व्यक्ति वा संस्थालाई बाहिरी जिल्लामा समेत निकासी गर्न दिइनेछ

(ङ) टोल विकास संस्था, संघ-संस्था वा व्यक्तिले प्यूठान नगरपालिका स्वीकृतिमा काञ्जी हाउस सञ्चालन गर्न सक्नेछन् ।

(च) काञ्जी हाउसको महसुल दर प्यूठान नगरपालिकाले तोके बमोजिम हुनेछ

(छ) लिलाम विक्रीबाट प्राप्त रकम कसैको क्षतिपूर्ति दिनु पर्ने भए दि बाकी संपूर्ण रकम (टोल विकास संस्थालाई तोकेको रु. ५०० सम्मक वाहेक) कोषमा आम्दानी बाँधिनेछ ।

(ज) लिलाम विक्री गर्दा प्यूठान नगरपालिका र सुरक्षा निकायलाई जानकारी दिनु पर्नेछ ।

(झ) लिलाम विक्रीका संपूर्ण प्रकृया पूरा गर्दा पनि कुनै चौपाया लिलाम विक्री हुन नसकेमा प्यूठान नगरपालिकाले प्रचलित कानूनले निषेध गरेका वाहेकलाई जुनसुकै प्रकृया अवलम्वन गरी व्यवस्थापन गर्नसक्नेछ ।

(ञ) नगर क्षेत्र भित्र छाडा छोडिएका पशुपंक्षी समातेर ल्याउने कर्मचारी, व्यक्ति, संघ-संस्थालाई प्यूठान नगरपालिकाले प्रोत्साहन वा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(ट) बस्ती नभएको खुला ठाउँमा प्यूठान नगरपालिकाले दिएको सिफारिस अनुरुप मात्र हाँस, कुखुरा, वंगुर, सुंगुर पालन गर्न सकिनेछ ।

(ठ) वातावरण प्रदुषित भयो भनी टोल विकास संस्था वा स्थानीयले सिफारिस वा निवेदन दिएमा प्यूठान नगरपालिकाले तत्काल उचित कारवाही गर्नेछ । पटक-पटक सचेत गराउदा अटेर गरेमा सो कार्य बन्देज गर्न र त्यस्ता पशुपंक्षी नियन्त्रण गर्न सक्नेछ ।

२४. प्रदुषण नियन्त्रण:





(१) आफ्नो क्षेत्रभित्र सङ्कलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषणरहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व प्यूठान नगरपालिकाको हुने छ ।

(२) प्यूठान नगरपालिकालाई प्रदूषणरहित ढङ्गले फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि केन्द्रको सहयोग माग्न सकिनेछ ।

(३) प्यूठान नगरपालिकाले सङ्कलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस कार्यविधि बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ ।

## परिच्छेद – ८

## शवदाह स्थल एवं मृत चौपायाको व्यवस्थापन

लास जलाउने, गाड्ने र मरेका चौपाया गाड्ने:

(क) प्यूठान नगरपालिकाले नगर र नगरवासीको हित, समुन्नति, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाह वा शव गाड्ने स्थल तोक्न सक्नेछ ।

(ख) प्यूठान नगरपालिकाले तोकेको वाहेक अन्य क्षेत्रमा शवहरु गाड्न र दाहसंस्कार गर्न पाइने छैन ।

(ग) सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी लास जलाउँदा पूरै जलाउनु पर्नेछ तथा गाड्ने संस्कार भएकाले पनि कुनै जनावरले खोतल्न नसक्ने र गन्ध बाहिर नआउने गरी गाड्नु पर्दछ ।

(घ) प्यूठान नगरपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यान दिई मरेका पशुपंक्षी गाड्न निश्चित स्थल तोक्न सक्नेछ, अन्यत्र गाड्न पाइने छैन ।

(ङ) प्यूठान नगरपालिकाले तोकेको स्थानमा शवहरु दाहसंस्कार गर्दा, पशुपंक्षी गाड्दा आवश्यक सेवा शुल्क निर्धारण गर्न सक्नेछ । त्यस्तो सेवा प्रापकले तोकिएको सेवा शुल्क तिर्नु पर्नेछ ।

## परिच्छेद – ९

## प्रचार सामाग्री र स्थानान्तरण केन्द्र सम्बन्धी व्यवस्था एवं फोहरमैला व्यवस्थापन गर्न अनुमति र फोहरमैला व्यवस्थापन गराउन सकिने

प्रचार सामाग्री सम्बन्धी व्यवस्था:

(क) कसैले पनि प्यूठान नगरपालिकाको स्वीकृति वेगर नगर क्षेत्र भित्रको सार्वजनिक वा पर्ती जमिन वा खम्वा, विजुलीको पोल, पर्खाल, टेलिफोनको पोल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा

